# विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

*माननीय मन्त्रीस्तरबाट स्विकृत मिति २०७८/१०/१३*

**प्रस्तावनाः**

गण्डकी प्रदेशमा सामाजिक आर्थिक अवसरहरुको दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको समुदायलाई आयमूलक कार्यमा संलग्न गराई गरिबी निवारणमा टेवा पुऱ्याउन तथा खाद्य सुरक्षा सुनिश्चितता गर्दै आर्थिक रुपमा सबल बनाउने उद्देश्यले विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम सञ्चालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस कार्यक्रम बिपन्न बस्ती भएका समुदायमा सञ्चालन हुनेछ। प्रति समुदाय कम्तीमा ३० घरधुरी संलग्न हुने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यो कार्यक्रम पहिलो वर्षमा गोरखा, तनहुँ, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), स्याङ्जा र बागलुङ जिल्लामा सञ्चालन हुनेछ र क्रमशः अन्य जिल्लामा समेत विस्तार गरिनेछ।

(ख) कार्यक्रम सञ्चालन हुने बस्ती पहिचान तथा छनौट गर्न जिल्लास्तरमा देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख | सदस्य |
| सामाजिक विकास कार्यालयको प्रमुख | सदस्य |
| मालपोत कार्यालयको प्रमुख | सदस्य |
| जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| गरिबी निवारणको क्षेत्रमा काम गर्ने संघ संस्थाको एक जना महिला प्रतिनिधि | सदस्य |
| कृषि ज्ञान केन्द्रको प्रमुख | सदस्य सचिव |

(ग) बुँदा (ख) बमोजिमको समितिले देहायको विषयको आधारमा कार्यक्रम सञ्चालन हुने बस्ती छनौट गर्नुपर्नेछ।

- (अ) कृषि वा अन्य परम्परागत पेशामा आश्रित घरपरिवारको बाहुल्यता रहेको विपन्न बस्ती,
- (आ) जीवन निर्वाह गर्न नपुग्ने जग्गा जमिन वा पेशा व्यावसाय भएका घरपरिवार रहेको बस्ती,
- (इ) सामाजिक आर्थिक दृष्टिले तुलनात्मक रुपमा पछाडि परेको सिमान्तकृत एवं विपन्न वर्ग, क्षेत्र वा समुदायको बाहुल्यता रहेको बस्ती,
- (ई) शिक्षा, स्वास्थ्य तथा अन्य भौतिक सुविधाको न्यूनता भएको बस्ती,
- (उ) प्राकृतिक प्रकोपको कारण जीविकोपार्जनमा समस्या परेको क्षेत्रमा रहेका बस्ती,
- (ऊ) समितिले तोकेका अन्य मनासिव आधारहरु।

(घ) बुँदा (ख) बमोजिमको समितिले छनौट गरेको बस्ती भित्र कार्यक्रममा समावेश गरिने घरपरिवार छनौट, बस्तीको आवश्यकता तथा माग पहिचान र आयोजना तयारी गर्न समितिले जिल्लास्तरमा एक एकीकृत कार्यदल गठन गर्नेछ।

(ङ) एकीकृत कार्यदलले छनौट गरिएको बस्तीमा लक्षित समूह छलफल (FGD), Transect walk, Social Mapping, Resource mapping, मुख्य सरोकारवाला अन्तरवार्ता (KII) जस्ता सहभागितात्मक ग्रामीण लेखाजोखा प्रणाली (PRA tools) अवलम्बन गरी घरपरिवार छनौट गर्ने, कृषि, पशुपन्छी, मत्स्यजन्य व्यवसाय र सम्भावित अन्य आयमुलक उद्यम वा व्यवसायहरु पहिचान गर्ने तथा सडक, खानेपानी, सिँचाई, आवास लगायतका पूर्वाधार विकासको आवश्यकता पहिचान गरी सो को विस्तृत विवरण भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस गर्नेछ।

(च) भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एकीकृत कार्यदलबाट सिफारिस भई आएका कृषि क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरू आफू मातहतको जिल्लास्थित निकायहरुबाट कार्यान्वयन हुने व्यवस्था मिलाउनु पर्नेछ। अन्य निकायहरुसँग लागत साझेदारीमा सम्पन्न गर्न सकिने क्रियाकलापहरु कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्न सकिनेछ। एकीकृत कार्यदलले सिफारिस गरेका कृषि क्षेत्र बाहेकका अन्य क्षेत्रसँग सम्बन्धित बिषयहरु सम्बन्धित मन्त्रालय मार्फत सम्बोधन हुने व्यवस्था मिलाउन भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आवश्यक समन्वय गर्नुपर्नेछ र सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई दिनुपर्नेछ।

(छ) यस कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले छनौट भएको घरपरिवार समेटिएको समूह गठन गरी सोही समूह मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ज) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले एकीकृत कार्यदलबाट सिफारिस भएको कृषि क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु लाभग्राहीसँगको समन्वयमा आवश्यकता अनुसार परिष्कृत गर्ने र कार्ययोजना तयारी तथा सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रही कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु सञ्चालनका लागि बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

(ख) छनौट भएका लाभग्राहीहरुलाई सञ्चालन हुने कार्यक्रमको प्रकृति अनुसार सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ग) कार्यक्रम सम्पन्न भइसकेपछि सम्बन्धित समूहको बैंक खातामा अनुदान रकम उपलब्ध गराउनु पर्नेछ।

(घ) कार्यक्रम सञ्चालन गर्ने कार्यालयले कार्यक्रम व्यवस्थापन खर्च (नियमानुसारको बैठक खर्च, इन्धन खर्च, अनुगमन मूल्याङ्कन खर्च) यसै कार्यक्रमबाट व्यवस्थापन गर्नुपर्ने भएमा मितव्ययी हिसाबले खर्च व्यवस्थापन गर्नुपर्नेछ।

**३. अनुगमन तथा मूल्याङ्कनः** यस मापदण्ड बमोजिम सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" मा व्यवस्था भए बमोजिम हुनेछ।